# मण्डनदेउपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**Office of the Municipal Executive**

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
BagamatiProvince, Nepal


मिति :२०७७/०५/१७

पत्र संख्या : २०७७/०७८
चलानी नं. :- 306

विषय : निशुल्क कोरना बीमा सम्वन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु
मण्डनदेउपुर नगरपालिका, कुन्तावेसी, काभ्रे ।

प्रस्तुत विषयमा नेपाल सरकारको आ.व. २०७७/०७८ को बजेटमा उल्लेख भए बमोजिम अर्थ मन्त्रालयको च.नं.१५१ मिति २०७७।०५।१५ गतेको पत्रानुसार सार्वजनिक विद्यालयमा स्थायी, अस्थायी, करार एवम् ज्यालादारी पदमा कार्यरत राज्य कोषबाट तलब भत्ता/पारिश्रमिक लिने शिक्षक तथा कर्मचारीको निशुल्क कोरोना बीमा गर्न सकिने व्यवस्था भएअनुसार इच्छुक विद्यालयहरुले आफ्ना शिक्षक कर्मचारीहरुको देहाय बमोजिमको विवरणसहित विद्यालयबाट प्रमाणित गरी आवश्यक कागजातसहित राष्ट्रिय बीमा कम्पनी लिमिटेड तथा अन्य कुनै पनि बीमा कम्पनीबाट बीमा गर्न सकिने व्यहोरा जानकारी गराइन्छ । साथै यस कार्यालयमार्फत बीमाको प्रक्रिया अघि बढाउन चाहने विद्यालयहरुले आवश्यक कागजातसहित विद्युतीय माध्यमको प्रयोग गरी ७ दिन भित्रमा विद्यालयको लेटर प्याडमा आवश्यक कागजातको सफ्टकपीसहित तपसिल बमोजिम नगरपालिकाको इमेल ठेगाना **mandandeupurmu@gmail.com** वा **ma13kapilvastu@yahoo.com** मा पठाइ दिनु हुन जानकारी गराइन्छ ।

तपसिल

विद्यालयको नाम : विद्यालयको **EMIS code** :

| क्र. सं. | शिक्षक/ कर्मचारी को नाम | स्थायी ठेगाना | तह र श्रेणी | जन्म मिति | ना.प्रा. नं. | सिटरोल नं. | नियुक्तिको प्रकार ( स्थायी, अस्थायी, करार, राहत, करार कर्मचारी, निजी स्रोत, बाल शिक्षक | स्थायी लेखा नं. | मोवाइल नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आवश्यक कागजातहरु

१.सम्वन्धित शिक्षक/कर्मचारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२.नियुक्ति पत्रको प्रतिलिपि
३.विद्यालयको लेटरहेडमा प्रमाणित विवरण
४.कोरोना बीमा गराइ दिने विषयको पत्र

( प्रणराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ
श्री सूचना तथा प्रविधि शाखा, मण्डनदेउपुर न.पा. कुन्तावेसी ।( सूचना अपलोड गरी दिनु हुन )